# १ सबै थोकको पुनर्स्थापना

*<u>यस अध्यायका मूल पदहरू:</u>* उत्पत्ति १:२६,२७, व्यवस्था ६:५, उत्पत्ति ३:८-१९, याकूब ४:४, गलाती ४:१९, मर्कूस २:१-१२ र यूहन्ना १०:१०।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* "त्यसकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो। उहाँले परमेश्वरकै रूप अनुसार सृष्टि गर्नुभयो। उहाँले नर र नारी गरेर तिनीहरूलाई सृष्टि गर्नुभयो।" (उत्पत्ति १:२७ रूपान्तरित)।

बाइबलले के भन्न खोजिरहेको छ सो बर्तमान परिप्रेक्ष्यमा साँच्चिकै छ कि छैन भनेर थाहा पाउन हामीहरूले हामीहरूका चारैतिर हेरौं। हामीहरूका वरिपरिका मानिसहरूको परिस्थिति हेर्दा बाइबलले भनेको भन्दा बिपरित र भयानक नराम्रो भएको हामीले पाइरहेकाछौं। होइन त?

सुरूमा परमेश्वरकै स्वरुपमा सृष्टि भएका मानिसहरू वा नर वा नारी अहिले तिनीहरूको रूप किन क्षतबिक्षत भयो त? त्यो मानव जातको पतनको कारणले हो। त्यस पतनलाई पाप भनेर कहलाइन्छ। जसलाई परमेश्वरको खिलाफमा बिद्रोह गर्नु भनेर व्याख्या गरिन्छ। त्यसलाई महान् मतभेद अर्थात् ख्रीष्ट र शैतानको बीचमा भइरहेको बैचारिक युद्ध भनेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले नामाङ्करण गर्दछ।

तर हामीहरूको सामु राम्रो खबर त यो छ कि शैतानको राज्यले यस संसारमा सधैं बास गर्ने छैन। येशू आउनुभयो, संसारको पापको निम्ति उहाँ मर्नुभयो र फेरि उहाँ आउने प्रतिज्ञा उहाँले गर्नुभएको छ। तर जब उहाँ आउने काम उहाँले सम्पन्न गर्नुहुनेछ त्यसबेला यस संसारको कुनै पनि थोक बाँकि हुनेछैन। बरू नयाँ राज्य अर्थात् उहाँको अनन्तको राज्य सुरू हुनेछ। "४४ "ती राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ। त्यो राज्य कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै राष्ट्र वा जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई (सारा राष्ट्रहरूको

ऐश्वर्यता) धूलोपीठो पारिदियो। "महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।" (दानिएल २:४४-४५)।अदनको बँगैचामा गुमाएको स्वरुप फेरि पुनर्स्थापना हुनेछ।

तर त्यस स्वरुपको सुरूवातको अनुभव गर्न येशूको दोस्रो आगमनको प्रतिक्षा गरिरहनु आवश्यक छैन। जो मानिसहरू येशू ख्रीष्टमा रहन्छन् तिनीहरू नयाँ सृष्टि भएका हुन्छन् भनेर पावलले ठोकुवा गर्दछन् (२ कोरन्थी ५:१७)। हामी आत्मिक रूपमा पुनर्सृष्टि हुन वा येशूको चरित्रको स्वरुपमा नयाँ जन्मको अहिले नै अनुभूति हामीले गर्न सकौं भन्ने हामी प्रत्येकको निम्ति परमेश्वरको योजना छ (रोमी ८:२९)। उहाँको चर्च हामीलाई सुम्पेर त्यो पुनर्स्थापनाको अनुभव अरू मानिसहरूले पनि गर्न सकुन भनेर तिनीहरूलाई हामीले सिकाउ भनेर उहाँ हामीबाट चाहना गर्नुहुन्छ। त्यो सिकाउने क्षमता पनि उहाँले हामीलाई दिनुहुन्छ।

## १. परमेश्वरको स्वरुपमा (उत्पत्ति १:२६,२७)

आदम र हव्वा परमेश्वरको स्वरुपमा सृष्टि भएका थिए भनेर बाइबलले स्पष्टसँग भन्दछ (उत्पत्ति १:२७)। परमेश्वरको स्वरुपमा बनाइएको भन्नुको अर्थ के हो त? फेरि स्वरुप वा प्रतिमूर्ती भन्नुको अर्थ के हो त? कुनै पनि स्वरुप वा प्रतिमूर्तीले यथार्थलाई दुई किसिमले चित्रण गर्न सकिन्छ, जस्तै ऐना वा फोटोबाट देखिन्छ। जसले यथार्थको अगाडिको भागमात्र देखाउँछ। त्यसलाई तिन आकारबाट पनि चित्रण गर्न सकिन्छ, जस्तै मूर्ती जसले कि लम्बाई, चौडाई, गहिर्‍याई र पछाडिको भाग पनि देखाउन सक्छ। कुनै प्रतिमूर्ती हामीहरूको मगजमा पनि अवधारणा गरेर राख्न सकिन्छ। त्यसकारण जब बाइबलले मानव प्राणी परमेश्वरको स्वरुप वा प्रतिमूर्तीमा बनाइएको भन्दा ठ्याक्कै के भन्न खोजेको हो त?

उत्पत्ति १:२६,२७मा लेखिएको छ "२६ फेरि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पन्क्षीहरू, पालिने पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून्।" २७ यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो।

नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।" मानव प्राणी परमेश्वरको स्वरुप वा प्रतिरुपमा सृष्टि गरिएको थियो भनेर लेखिएको अर्थ बाइबलमा अन्त कसरी व्याख्या गरिएको छ? हेर्नुहोस्, उत्पत्ति १:३१ "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पऱ्यो र बिहान भयो– छैटौं दिन।", व्यवस्था ६:५ "तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर।' र १ थेस्सोलोनिकी ५:२३ "शान्तिका परमेश्वर आफैले सम्पूर्ण रूपले तिमीहरूलाई चोखा तुल्याऊन्, र तिमीहरूका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून्।"

निःसन्देह, आदम र हव्वा हाम्रा प्रथम् पूर्खा थिए। तिनीहरूमात्र परमेश्वरको स्वरुप वा प्रतिमूर्तीमा सृष्टि भएका थिए। तिनीहरू कुनै नरबाँदरबाट बिकसित हुँदै मानिस भएका होइनन् जुन् बिकासबाद सिद्धान्त (इभ्युल्यशन थ्योरी वा अनुमान)ले सिकाउँछ। मानिस जाति भएको कारणले तिनीहरू र हामी समस्त मानव प्राणीहरू अरू कुनै जिवित प्राणीहरू भन्दा अत्यन्त भिन्न छन्। यदि संसारमा कुनै पनि धर्म वा वाद छ जसले यो सिद्धान्तलाई स्वीकार गर्दैन त्यसले मानव जगतको मूल्यमान्यतालाई तल झारिदिन्छ।

परमेश्वरले तिनीहरूको नाउँ 'आदम" अर्थात् 'मानिस" भनेर नामाङ्करण गर्नुभएको थियो (उत्पत्ति ५:२)। नर र नारी दुवै जना फरक थिए र अलगै थिए। तर आदम वा मानिस भनेर नाउँ दिएको अर्थ तिनीहरू एकै हुन्। तिनीहरू दुवैको परिपूर्णताले परमेश्वरको स्वरुप तथा प्रतिमूर्तीलाई देखाएको थियो।

परमेश्वरको स्वरुप वा प्रतिरुपको स्वभावमा कुनै खोट नभएर सिद्ध र पूर्णता थियोः "जब आदम सृष्टिकर्ताको हातबाट सृजिए तब उनी उनको सृष्टिकर्ताको जस्तै *शारीरिक, मानसिक र आत्मिक* स्वभावका थिए।"-एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १५बाट रूपान्तरित।

हिब्रू वा तत्कालिन इस्राएलको चलनचल्तीको भाषामा "स्वरुप" वा "प्रतिमूर्ती" टेसेलेम (**teselem**) हो। त्यसले "जस्तै" डिमुथ (**Demuth**) भन्ने शब्दले व्याख्या गर्दछ। ती शव्दहरूको अर्थ शारिरिक (टेसेलम) र भित्री आन्तरिक आत्मा मानव भित्री वा (डिमुथ) हुन्। भित्री आन्तरिक आत्मा वा मानव भित्री भन्दा मानिसको आत्मिक र मानसिक भागलाई जनाउँछ। जब मानिस परमेश्वरको स्वरुपमा सृष्टि गरिएको हो भनेर एलेन जी ह्वाइटले सहमती व्यक्त गर्छिन् तब उनले उपरोक्त व्याख्यालाई स्वीकारेकी थिइन्। आदम

'हेऱ्याइ र चरित्रमा' परमेश्वर जस्तै थिए (एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ४५)।

व्यवस्था ६:५मा मानिसका तिन महत्त्वपूर्ण भाग वा पक्षहरू वा स्वभावहरूलाई उल्लेख गरिएका छन्: आत्मा वा अध्यात्मिक पक्ष, हृदय वा मानसिक पक्ष र बल वा शारीरिक पक्ष। १ थेस्सोलिनिकी ५:२३ले पनि त्यही अवधारणालाई पुष्टि गरेको छ। जो मानिस परमेश्वरको स्वरुपमा सृष्टि गरिएको छ त्यसमा ती तिनै पक्षहरू वा आयामहरू समाबेश भएका हुन्छन्।

परमेश्वरको स्वरुप वा प्रतिमूर्तीमा मानिस सृष्टि भएको हो भन्ने अवधारणाको व्याख्या यहाँ लेखिएको भन्दा अझ अथाह वा धेरै व्याख्याहरू छन्। तर बाइबल स्पष्ट छः मानव जात कुनै पनि अरू सृष्टि भन्दा एकदम फरक छ र उसलाई विशेष तरिका अपनाएर सृष्टि गरिको थियो। यस संसारको कुनै पनि जिव जिवात परमेश्वरको स्वरुपको नजिक आउँदैन। त्यो महत्त्वपूर्ण वा निर्णायक भिन्नता हामीहरूको दिमागमा हरदम रहिरहनु किन आवश्यक छ?

## २. पतन र त्यसको नतिजा (उत्पत्ति ३:८-१०)

सृष्टि सकिएपछि र पापको फन्दामा परेको बीचमा भएको अवधि कतिवर्षसम्म रहेको थियो भनेर बाइबलले बताउँदैन। कति दिन, कति हप्ता वा कति वर्ष सो हामीलाई थाहा छैन।

तर एउटा कुरो त निश्चित छ, त्यो हो यस पृथ्वीमा पापको प्रवेश भयो र त्यसको नतिजा तुरन्तै र स्पष्ट भएको थियो।

प्रथम् त जब आदम र हव्वाले असल र खराबको ज्ञान दिने रूखको फल खाए तब त्यसको नतिजाले उग्ररूप लिएको थियो। तिनीहरू अचानक आफूहरू नाङ्गै भएको महसुस गरे (उत्पत्ति ३:७)। तिनीहरू परमेश्वरदेखि डराएर उहाँको उपस्थितिबाट लुक्न खोजे। तिनीहरूले लगाइ राखेका स्वर्गदूतले जस्तो लगाउने ज्योतीका पोशाकहरू बिलाएर गए। (एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड द प्रोफेटस्, पृ. ५७)। पापको ज्ञानले गर्दा तिनीहरू र परमेश्वरको बीचमा रहेको घनिष्ट सम्बन्ध टुक्रियो। प्रथम दम्पत्तिलाई पापबाट ल्याउने नतिजाको बारेमा परमेश्वरले सिकाउन प्रयास गर्नुपरेको थियो।

उत्पत्ति ३:८-१०, ३:१२, १३, १६-१९ पढ्नुहोस् र आदम र हव्वाले गरेका पापबाट ल्याइएको नतिजाको सूची बनाउनु होस्। बर्तमान समयमा पनि त्यही खालका नतिजाहरूले कसरी निरन्तरता पाएको छ सो

सोच्नुहोस्। हेर्नुहोस्: "८ अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा तिनीहरूले उहाँको स्वर सुने, र मानिस र उनकी पत्नी बगैंचाका रूखहरूका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके। ९ तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तिमी कहाँ छौ?" १० उनले भने, "मैले तपाईंको स्वर बगैंचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।" उत्पत्ति ३:८-१०, "१२ मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।" १३ अनि परमप्रभु परमेश्वरले स्त्रीलाई भन्नुभयो, "तिमीले यो के गऱ्यौ।" स्त्रीले भनिन्, "सर्पले मलाई छल गऱ्यो, र मैले त्यो खाएँ।" १४ तब परमेश्वरले सर्पलाई भन्नुभयो, "तैंले यसो गरेको हुनाले, "तँ सबै पालिने पशुहरू र सबै वन-पशुहरूभन्दा ज्यादा श्रापित हुनेछस्। पेटद्वारा तँ हिंड्नेछस् र तेरो जीवनभरि तैंले माटो खानेछस्। १५ तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" १६ स्त्रीलाई उहाँले भन्नुभयो, "तिम्रो सुत्केरी-वेदना म ज्यादै गरी बढ़ाइदिनेछु। दु:खसँग तिमीले बालक जन्माउनेछ्यौ। तिम्रो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तिमीलाई अधीनमा राख्नेछ।" १७ त्यसपछि आदमलाई उहाँले भन्नुभयो, "तिमीले तिम्री पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तिम्रो कारण श्रापित भएको छ। तिम्रो जीवनभरि दु:खसँग त्यसको उब्जनी तिमीले खानेछौ। १८ त्यसले तिम्रो निम्ति काँढ़ा र सिउँड़ीहरू उमार्नेछ, र तिमीले खेतको सागपात खानेछौ। १९ माटोमा नफर्कुञ्जेल तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ। किनकि माटैबाट तिमी निकालिएको थियौ। तिमी माटै हो र माटैमा फर्किजानेछौ।" उत्पत्ति ३:१२-१९।

**मानिसको पतन कुनै मनगढन्ते वा काल्पनिक नभएर यथार्थ वा वास्तविक थियो। पापको परिणामले मानिसमा भयाभव र आङ्ग सिरीङ्ग पार्ने आतङ्क ल्याएको थियो। मानव जगतमा त्यो परिणाम लामो समयसम्म कठोरताका साथ रहने भएको थियो। मानव जीवनको लामो र वर्तमान समयसम्मको इतिहासले पापको भयानक तथा उग्र परिणामलाई देखाइरहेको छ।**

**तर एक दिन पापको अन्त हुनेछ र त्यसले फेरि शिर उठाउने छैन** भन्ने प्रतिज्ञाप्रति हामी कतिको धन्यावादी हुनुपर्छ भन्ने कुरालाई मनमा राखिराख्नु

**अत्यन्त जरुरी छ (नत्र भने आदम र हव्वा जस्तै हामी पनि आआफ्नै जङ्गलमा लुकिरहनेछौं र परमेश्वरको अनुग्रह र प्रेमको अनुभूतिबाट बंञ्चित भएर बस्नेछौं- अनुवादकको टिप्पणी)।**

हामीहरूको दैनिक जीवनमा हामीहरूले नै ल्याएको पापको नतिजा कसरी भोगिरहेकाछौं? सोचौं।

## ३. शत्रुता (बितृष्णा) र क्षमाशीलता (उत्पत्ति ३:१४,१५)

परमेश्वरले भन्नुभएको "तेरो र स्त्रीको बीचमा शत्रुता म राखिदिनेछु। तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा दुष्मनी हालिदिनेछु। त्यस सन्तानले तेरो शिर कुच्च्याउनेछ र तैंले त्यसको कुर्कुच्चो डस्नेछस्।" (उत्पत्ति ३:१५) अर्थ के हो? त्यो श्रापभित्र के तपाईँले आशाको किरण भेट्टाउन सक्नुहुन्छ?

शत्रुता भन्ने शब्द हिब्रू भाषामा घृणा र शत्रु भन्ने शब्दहरूसँग जरैदेखि गाँसिएको छ। जब निषेध गरिएको रूखको फल आदम र हव्वाले खाए तब तिनीहरू आफू र सारा मानव जगतलाई परमेश्वरको सामु शत्रुहरूको पङ्क्तिमा उभ्याए (रोमी ५:१०, कलस्सी १:२१, याकूब ४:४ पढ्नुहोस्)। "तेरो सन्तान त्यस स्त्रीको सन्तानको बीचमा" भन्दा सामान्य मानिसहरूको बीचमा नभएर येशूको बीचमा भन्ने जनाउँछ। परमेश्वरका जनहरू आफ्नो साथमा फर्काउने परमेश्वरको योजना त्यसले देखाउँछ। शत्रुता ल्याउने काम आफ्नो होइन शैतानको भएको भनेर परमेश्वरले जनाएर मानिसहरूलाई उद्धार गर्ने उपाय उहाँले नै स्थापना गर्नुहुनेछ भन्ने बाचा त्यस पदले खुलाएको छ। फेरि त्यसै वखत उहाँले परमेश्वरको आफ्नो राज्यको नितिलाई उहाँले तोड्नुहुन्न। परमेश्वरले मानिसलाई उद्धार गर्ने बिशेष योजनालाई "पश्चातापद्वारा शुद्धिकरणको बिधि वा क्षमाशीलता अर्थात् अङ्ग्रेजीमा आटोनमेन्ट" भनेर नामङ्करण गरिएको छ। पतनद्वारा तोडिएको सम्बन्धलाई जोड्न वा पुनर्स्थापना गर्ने कदम परमेश्वरले चाल्नुभएको थियो र चालिरहनुभएको छ। त्यो कामलाई शुद्धिकरण र अभयदान वा क्षमा भनेर कहलाइन्छ।

क्षमा दिने र पापबाट हामीलाई निर्दोष ठहराउने प्रक्रिया वा पश्चातापको बिधिले हामीलाई के सिकाउँछ? हेर्नुहोस् देहायका पदहरू: लैव्य १:३,४ "३ 'यदि त्यसको बलि गाई-गोरुको होमबलि हो भने, त्यसले निष्खोट बाछोचाहिँ चढ़ाओस्। भेट हुने पालको ढोकामा त्यसले त्यो चढ़ाओस्, र परमप्रभुको सामुन्ने त्यो ग्रहणयोग्य हुनेछ। ४ त्यसले होमबलिको टाउकोमाथि आफ्नो हात राखोस्, र त्यो त्यसको प्रायश्चितको लागि ग्रहणयोग्य हुनेछ।" ,

१ कोरन्थी ५:७ " नयाँ ढिका बन्नलाई पुरानो खमिरलाई निकाल, किनकि तिमीहरू वास्तवमा अखमिरी नै हौ। हाम्रो निस्तारको थुमा, ख्रीष्टको बलिदान भइसकेको छ।" र १ यूहन्ना १:९ "यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।"

**अधर्मबाट शुद्ध पार्ने कामलाई कहिलेकाहीँ अङ्ग्रेजीमा** प्रयोग गरिएको **शब्द इक्सपियशन (expiation) भन्ने शब्द प्रयोग गरेको पाइन्छ। त्यो शब्द त्याटिन भाषाको इक्सपिएर expiare भन्ने शब्दबाट आएको हो। त्यसको अर्थ कुनै दोषलाई निर्दोष ठहराउने हो। गलत कामलाई सफाइ दिने प्रक्रिया भन्ने अवधारणा त्यस शब्दले जनाउँछ। कसैले गलत काम गऱ्यो वा ऐनकानुनलाई भङ्ग गऱ्यो भने न्याय प्रणाली अनुसार त्यसले सजायँ भोग्नु पर्नेहुन्छ। अङ्ग्रेजी चलन अनुसार दोषी मानिस समाजको ऋणी भएको भनेर कहिलेकाहीँ सम्बोधन गरिन्छ। उसले गरेको अपराधले गर्दा उसलाई समाजको ऋण लागेको हुन्छ रे!**

**हामीहरूले गरेको पापको परिस्थितिमाः मुक्तिको योजना वा येशूको बलिदान र मृत्युले, जसलाई पश्चातापको बिधि भनिन्छ, गर्दा हामीले गरेको गलत कामको कानुनी रूपमा भोग्नुपर्ने सजायँबाट हामी मुक्त हुन्छौं। हामीहरूले तिर्नुपर्ने सजायँको मोल वा जरिवाना येशू आफैले तिर्नुभयो। हामीले दण्ड भोग्नुपर्ने थियो तर हाम्रो सट्टामा येशूले नै त्यो दण्ड भोग्नुभयो। त्यसप्रकारले न्यायको प्रक्रिया पूरा भएको थियो, तर हामीले तिर्नुपर्ने न्यायको मोल हाम्रो सट्टामा येशूले तिर्नुभएको थियो। पापी भएको हैशियतले हामीले गलत काम गरेका हुन्छौं तर हामीलाई क्षमा दिएको छ, हामीलाई माफी दिएको छ र परमेश्वरको सामु हामी धर्मी तथा निर्दोष भएर खडा हुने अवसर पाएका हुन्छौं। सबै कुराको पुनर्स्थापनाको निम्ति त्यो अत्यन्त निर्णायक कदम हो (प्रेरित ३:२१ रूपान्तरित)।**

## ४. येशूमा हुने पुनर्स्थापना (गलाती ४:१९)

सिद्ध र पूर्णता पाएको संसारमा हामीहरू पनि सिद्ध र सबै कुरामा पूर्णता हुने गरि परमेश्वरले हामीहरूलाई सृष्टि गर्नुभएको थियो। तर पापले गर्दा त्यस सिद्ध स्थान र हामीहरूको सिद्ध चरित्र गुमाउन वाध्य हुन पऱ्यो। आजको संसार मृत्यु, महामारी, आतङ्क, बिद्रोह, दुःखकष्ट पिडा र त्रासै त्रासले भरिएको सबैलाई थाहा छ। एक फेरा भोगिएको सिद्ध संसारतिर फेरि फर्काउन मुक्तिको योजना सृजिएको थियो। पतनमा गुमाएको सिद्ध र पूर्ण संसार तथा

हामीहरूको सिद्ध र पूर्ण स्वभाव फिर्ता पाउन येशू ख्रीष्ट यस संसारमा आउनुभएको थियो।

"सुरूमा परमेश्वर जस्तै गरि उहाँले मानिसलाई सृष्टि गर्नुभएको थियो। उहाँले उनलाई धेरै प्रतिभा र दक्षताहरू दिनुभएको थियो। उनको दिमाग संतुलित थियो। उनको सम्पूर्ण मानव शक्तिले (दिमाग, हृदय, आत्मा र शरिर) परमेश्वरको इच्छालाई मान्दथ्यो। तर पतन र त्यसको नतिजाले गर्दा ती बरदानहरूलाई क्षतबिक्षत पारिदियो अर्थात् बिगारि दियो। र मानिसमा भएको परमेश्वरको स्वरुप पापले गर्दा झन्दै सबै हटिएको थियो। परमेश्वरको स्वरुपलाई पुनर्स्थापना गर्न परमेश्वरले मुक्तिको योजनाको बिकास गर्नुभयो। त्यो मुक्तिलाई ग्रहण गर्ने कि नगर्ने भनेर मानिसले नै चुनोस भनेर परमेश्वरले उसलाई समय दिनुभएको थियो। हामीहरूको जीवनको महत्त्वपूर्ण ठूलो र मूल लक्ष्य भनेकै सृष्टिको सुरूमा भएको सिद्धता र पूर्णतामा हामी फेरि फर्कनु हो।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ५९५बाट रूपान्तरित। जब सम्म नयाँ आकाश वा स्वर्गहरू र नयाँ पृथ्वी बन्दैन तब सम्म त्यो पुनर्स्थापना पूर्णरूपमा सम्पन्न हुँदैन। तर त्यो योजना सुरू भइसकेको थियो र त्यसले अहिले पनि निरन्तरता पाइरहेको छ रे!

पावलले गलाती ४:१९मा अत्यन्त मार्मिक भावना व्यक्त गरेका छन्। त्यसमा उनले के आत्मिक बिषयबस्तुलाई औंल्याउँछन्? हेर्नुहोस्, "१९ मेरा साना बालक हो, ख्रीष्ट तिमीहरूमा नबनिनुभएसम्म म फेरि प्रसवपीडामा छु।"

हिब्रू १:३मा येशू ख्रीष्टलाई ने परमेश्वरको स्वरुप वा प्रतिमूर्ती भनेर व्यक्त गरिएको छ। (त्यसलाई पुष्टि गर्न यूहन्ना १४:९, २ कोरन्थी ४:४, कलस्सी १:१५ पढ्नुहोस्)। हामीमा पनि परमेश्वरको स्वरुपको पुनर्स्थापना होस् भनेर येशू हामीसँग एक हुन चाहनुहुन्छ। यदि हामीले उहाँलाई गर्न दियौं भने परमेश्वरको स्वरुप ख्रीष्टले हामीमा रहन दिन सकिन्छ। पावलले कलस्सी १:२७मा भन्दछन् "तिमीहरूको जीवनको सौन्दर्यता तथा महिमा नै तिमीहरूमा ख्रीष्ट हुनु हो।" (रूपान्तरित)।

सिद्ध तथा पूर्णरूपमा हामीमा हुनुपर्ने परमेश्वरको स्वरुप त्यसबेलामात्र सम्पन्न हुन्छ जब येशू दोस्रो पटक आउनुहुनेछ (हेर्नुहोस् १ कोरन्थी १५:४९, १ यूहन्ना ३:२)। प्रभु येशू ख्रीष्ट हामीमा हुनुभएकोले (प्रकाश ३:२०) हामी ख्रीष्टमा छौं भनेर जिकिर गर्न सक्दछौं। तर यथार्थता त यो छ कि परमेश्वरको स्वरुप हामीमा यसै संसारमा रहन्दा फस्ताउन सकिन्छ भनेर

बाइबलले दावी गर्दछ। जब परमेश्वरको स्वरुप हामीमा हुने प्रक्रिया चल्दै गर्छ तब हामीहरूको समाजमा रहेका मानिसहरूमा पनि त्यही स्वरुप बिकसित हुन सकुन् भनि हामी हृदयदेखि चाहना गर्न थाल्दछौं। तर त्यो स्वरुप हामीले कसैमाथि घुसाउने त होइन, त्यो काम येशूले नै गर्नुहुन्छ यदि उहाँ मानिसहरूमा रहन तिनीहरूले अनुमति दिनुभयो भने।

**हामी इसाई भनेर दावी गर्दछौं तर के अहिले नै सुरूभएको परमेश्वरको स्वरुप हामीमा पुनर्स्थापना गर्न प्रभु येशूलाई अनुमति दिएकाछौं? फेरि त्यसै वखत यो पनि हामीले नबिर्सौं कि जब सम्म येशू आउनुहुन्न तब सम्म त्यो काम पूर्ण रूपमा सम्पन्न हुँदैन।**

## ५. चर्चले गर्नुपर्ने पुनर्स्थापनाको काम (मर्कूस २:१-१२)

**हाम्रो संसार सिद्धरूपमा सृष्टि भएको तर पापले गर्दा त्यसको पतन भएको हामीले बाइबलबाट जानकारी लियौं। पतनले गर्दा भयाभव नतिजामा यस संसार खस्किन पुगियो। तर हामी सदाको निम्ति ध्वस्त हौ भनेर परमेश्वरले हामीलाई छोड्नुभएको छैन (जसरी विज्ञानले हामीलाई भन्दछ)। बरू यस संसारमा पाप आउँछ भनेर संसारको सृष्टि हुनुभन्दा अघि परमेश्वरलाई थाहा भएकोले मुक्तिको योजना स्वर्गमै तयार गरिएको थियो (१ पत्रुस १:२)। आफू र आफ्नो अस्तित्वलाई नै ठूलो जोखिममा पारेर येशू यस संसारमा आउनुभयो, क्रुसको मृत्युसम्म कष्ट पाउनुभयो, बौरि उठ्नुभयो र उहाँको पुन आगमनको प्रतिज्ञा हामीलाई छोड्नुभयो। जब उहाँ आउनु हुनेछ तब मुक्तिको सबै काम फत्ते हुनेछ, सदाको निम्ति पापको नाश हुनेछ र गुमिएको यस संसारको पुननिर्माण फेरि हुनेछ।**

**अचम्मको कुरो त यो छ कि परमेश्वरले उहाँको चर्चलाई नै त्यो पुननिर्माणको कामलाई अहिलेदेखि नै निरन्तरता दिन र उहाँसँग मिल्न उहाँले आह्वान गर्नुहुन्छ।**

मर्कूस २:१-१२मा केही साथीहरूले एक जना पक्षाघात भएको रोगीलाई सबै जना मिलेर येशूकहाँ ल्याइएका थिए। मानिसहरूको जीवनलाई पुननिर्माण गर्न र तिनीहरूको पिडालाई हरण गर्न चर्चको उल्लेखनीय भूमिका हुन्छ भनेर त्यस कथाले कसरी सिकाउँछ? हेर्नुहोस् "१ केही दिनपछि येशू कफर्नहूम सहरमा फर्कनुभयो। उहाँ घरमै हुनुहुन्छ भन्ने सुनेर २ यति धेरै मानिसहरू उहाँकहाँ आए कि घुइँचोले गर्दा भित्र-बाहिर कहीं पनि ठाउँ थिएन। येशूले मानिसहरूलाई शिक्षा दिइरहनुभएको थियो। ३ त्यति नै खेर चार जना

मानिसहरू हात-खुट्टा नचल्ने कुँजो मानिसलाई बोकेर त्यहाँ आइपुगे। ४ मानिसहरूको घुइँचोले गर्दा तिनीहरूले बिरामीलाई भित्र येशूकहाँ पुऱ्याउन सकेनन्। त्यसो हुँदा येशू बस्नुभएको ठाउँको ठीक माथिको छानालाई तिनीहरूले उघारे र बिरामीलाई ओछ्यानसँगै ओराले। ५ तिनीहरूका विश्वास देखेर येशूले त्यस कुँजो मानिसलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरू क्षमा भएका छन्।" ६ यो सुनेर त्यहाँ भएका धर्म-गुरुहरूले मनमनै भने, "यो मानिसले किन यस्तो कुरा गर्दै छ? ७ यसले त परमेश्वरको निन्दा पो गर्दोरहेछ। परमेश्वरले बाहेक अरू कसले पाप क्षमा गर्न सक्छ र?" ८ येशूले तिनीहरूको मनको कुरा बुझिहाल्नुभयो र तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन यस्तो विचार गर्छौ? ९ यस बिरामीलाई 'तिम्रा पापहरू क्षमा भए' भन्नु र 'ओछ्यान बोकेर हिंड' भन्नुमा कुनचाहिँ सजिलो होला, भन त? १० तर हेर, यस पृथ्वीमा म मानव पुत्रलाई मानिसको पाप क्षमा गर्ने अधिकार छ भन्ने कुराको प्रमाण म तिमीहरूलाई दिन्छु।" तब येशूले त्यस कुँजो बिरामीलाई भन्नुभयो, ११ "म तिमीलाई भन्छु, अब उठ, आफ्नो ओछ्यान बोकेर घर जाऊ।" १२ सबैले हेर्दाहेर्दै त्यो मानिस जुरुक्क उठ्यो र ओछ्यान बोकेर हिंडिहाल्यो। मानिसहरू छक्क परे र परमेश्वरको प्रशंसा गर्दै भन्न लागे, "यस्तो त हामीले कहिल्यै पनि देखेका थिएनौं।"

**जुन घरमा येशूले शिक्षादीक्षा दिँदै हुनुहुन्थ्यो त्यो घर मानिसहरूको हुलले खचाखच भरिएको थियो। मानिसहरूप्रति उहाँको प्रेमले गर्दा नै भिँड उहाँकहाँ जम्मा भएको थियो। चार जना मानिसहरूले आफ्नो पक्षघातले सिकिस्त भएको साथीलाई येशूकहाँ लैजान त्यस भिँडमा कोशिस गरे तर लैजान नसक्दा तिनीहरूले येशू रहेको कोठाको छाना नै उघारेर त्यस बिरामीलाई उहाँको अगाडि झारिदिए ताकि त्यस मानिसको आत्मिक, मानसिक र शारीरिक अवस्थालाई उहाँले निको पारिदिउन्। त्यस मानिसको पापलाई क्षमा दिएर उसको शरीरलाई पूर्ण रूपमा निको पारिदिनुभयो।**

येशू ख्रीष्ट यस संसारमा आउनुको उद्देष्य के हो भनेर प्रेरित यूहन्नाले देहायका केही पदहरूमा कसरी व्याख्या गर्नुभएको छ? हेर्नुहोस्, यूहन्ना १०:७-१० "७ त्यति बेला येशूले फेरि भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्छु, भेडाको गोठमा पस्ने ढोका म नै हुँ। ८ मभन्दा पहिले आउने सबै चोर र डाँकु थिए, तर भेडाहरूले तिनीहरूका कुरा सुनेनन्। ९ गोठमा पस्ने ढोकाचाहिँ म नै हुँ, मबाट भित्र पस्नेहरू सबै बाँच्नेछन्। उनीहरू भित्र-बाहिर आउने-जाने गर्नेछन् र खर्कमा चर्न पाउनेछन्। १० चोर त चोर्न, मार्न र नाश

गर्नलाई मात्र आउँछ। तर मचाहिँ तिनीहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रामा पाऊन् भनेर आएको हुँ।" र १ यूहन्ना ३:१-१० "१ ओहो, हामीलाई पिताले कति धेरै प्रेम गर्नुभएको छ! उहाँको प्रेमको कारणले हामी परमेश्वरका सन्तान भनिएका हौं अनि साँच्चै हौं पनि। संसारले परमेश्वरलाई नचिनेकोले हामीलाई पनि चिन्दैन। २ प्यारा मित्र हो, अहिलेचाहिँ हामी परमेश्वरका सन्तान नै हौं। तर पछि हामी के हुने हौं, हामीलाई थाहा दिइएको छैन। तर ख्रीष्ट आउनुभएपछि हामी पनि उहाँजस्तै हुनेछौं किनभने उहाँ जस्तो हुनुहुन्छ, हामीले त्यस्तै नै उहाँलाई देख्नेछौं। ३ ख्रीष्टमा यस्तो आशा राख्नेहरूले आफूलाई ख्रीष्टलाई जस्तै चोखो पारेर राख्छन्। ४ पाप गरिरहनेहरूलाई व्यवस्था नमानेको दोष लाग्छ किनभने व्यवस्था नमान्नु पाप हो। ५ तिमीहरूलाई थाहा छ कि मान्छेको पाप हटाउन ख्रीष्ट प्रकट हुनुभयो र उहाँमा पापै छैन। ६ यसकारण ख्रीष्टमा रहिरहने मानिसले पाप गरिरहँदैन। पाप गरिरहनेले न त उहाँलाई देखेको हुन्छ न त चिनेकै हुन्छ। ७ प्यारा बालक हो, कसैले तिमीहरूलाई भर्माउन नपाओस्! ठीक काम गर्ने मान्छे नै ख्रीष्टजस्तै ठीक ठहरिन्छ। ८ पाप गरिरहनेचाहिँ शैतानको मानिस हो। शैतानले सुरुदेखि नै पाप गर्दैआएको छ। *यसकारण शैतानको कामलाई नाश पार्न परमेश्वरका पुत्र प्रकट हुनुभएको छ*। ९ परमेश्वरको बालकले पाप गरिरहँदैन किनभने उसमा परमेश्वरकै स्वभाव परेको हुन्छ। उसले पाप गरिरहनै सक्दैन किनभने परमेश्वर नै उसका पिता हुनुहुन्छ। १० परमेश्वरका सन्तान र शैतानका सन्तानलाई यसरी नै चिन्न सकिन्छ कि परमेश्वरको अघि ठीक काम नगर्ने र आफ्ना दाजुभाइलाई माया नगर्नेचाहिँ परमेश्वरको सन्तान होइन।"

**यूहन्ना १०:१० पूर्णरूपमा भन्ने हो भने त्यो सेभेन्थ-डे एडभेन्टिस्टले आह्वान गरिरहेको सन्देशहरूको निचोड हो भने पनि हुन्छ। यसमा ख्रीष्ट आउनुको लक्ष्यलाई परिभाषित गरिएको छ। ख्रीष्टको शरीर चर्चको महत्त्वपूर्ण काम नै उहाँको कदमहरूमा हिँड्नु हो। शैतानले ल्याइरहेको मृत्यु तथा मानिसलाई मुर्दा तुल्याइरहने चर्तिकलालाई ध्वस्त पारेर स्वस्थ जीवन प्रदान गर्ने जिम्मा चर्चलाई सुम्पिएको छ (प्रेरित १०:३८, १ यूहन्ना २:६)। परमेश्वरको स्वरुपमा मानिसहरूलाई पुनर्स्थापना गर्ने कामको महान् लक्ष्यलाई हासिल गर्नको निम्ति ख्रीष्टसँग सहभागी हुन चर्चलाई खटाइएको हो। मानिसहरूलाई शारीरिक, मानसिक र आत्मिक रूपमा स्वस्थ बनाउन तथा परमेश्वरका ती स्वस्थ**

स्वभावहरूलाई तिनीहरूको जीवनमा अनुभवको थालनी गराउन चर्चले उल्लेखनीय भूमिका खेल्दछ।

बर्तमान समयमा तपाईंको जीवनमा के कोही त्यस्ता मानिसहरू छन् जसलाई तपाईंको मद्दतको खाँचो छ जुन् मद्दत तपाईंको गच्छे वा क्षमता अनुसार दिन सक्नुहुन्छ?

**उपसंहारः**

थप जानकारीः मानिसलाई परमेश्वरको स्वरुपमा पुनर्स्थापना गरिने प्रतिज्ञाहरू देहायका केही पदहरू पढ्नुहोस्ः रोमी ८:२९, कलस्सी १:१५, कलस्सी ३:९-११, २ कोरन्थी ३:१८र २ कोरन्थी ५:१७। साथै एलेन जी ह्वाइट लिखित *द पाट्रियार्क एण्ड प्रोफेट्स* छ भने त्यस पुस्तकको पृ. ४४-७७को "द क्रियशन", "द टेम्पटेशन एण्ड फल" र "द प्लान अभ रिडिम्पशन" पढ्नुहोस्।

समुच्च रूपमा हामी परमेश्वरका भक्त जनहरूलाई अरूको निम्ति काम गर्न र अरूको भलाइको निम्ति क्रियाशिल हुन परमेश्वरले हामीलाई बोलाउनुहुन्छ। येशूमा हामीलाई दिइएको आशा र पुनर्स्थापनाका प्रतिज्ञाहरू अरूलाई पनि औंल्याउने जिम्मा हामीलाई दिइएको छ। त्यस काम सम्पन्न गर्न परमेश्वरले बिभिन्न उपायहरू हामीलाई देखाउनुभएको छ। समाजका मानिसहरूलाई शारीरिक रूपमा स्वस्थ राख्न स्वास्थ र विभिन्न सेवाहरू उलब्ध गराउन कुनै चर्चहरू क्रियाशील हुनसक्छन्। चर्चले चलाएका अस्पताल प्रणाली र स्वास्थ चौकीहरूले पनि त्यो लक्ष्यमा पुग्न सहयोग गर्दछ। मानिसहरूको आवश्यकतालाई मध्य नजर राखि समुदायमा बिभिन्न कक्षाहरू संचालन गरेर तिनीहरूको मानसिक अवस्थालाई स्वच्छ राख्न सकिन्छ। स्कुलहरू स्थापना गरेर वा स्थानीय स्कुलहरूलाई सघाएर, मानिसहरूलाई शिप सिकाएर, प्रौढ शिक्षा संचालन गरेर र सरसल्लाह दिएर चर्च समाजमा सक्रिय हुनसक्छ। मानिसहरूको जीवनलाई सार्थक बनाउने र तिनीहरूको निराशमय जीवनलाई पुनर्स्थापना गर्ने काममा चर्च सक्रिय हुनसक्यो भने तिनीहरूले नसोचेको आत्मिक आवश्यकताको खाँचो तिनीहरूले महसुस गर्न सक्छन्। त्यो महसुस गराउन सक्नु नै मानिसहरूलाई परमेश्वरको स्वरुपमा पुनर्स्थापना गर्ने मूल कदम हुन सक्छ (एफिसी ४:२२-२४)। संसारको कुनै पनि सामाजिक तथा स्वास्थ निकायहरू भन्दा चर्च नै त्यो उत्तम र उचित थलो हो जहाँ मानिसहरूको आत्मिक खाँचोलाई परिपुर्ति गर्दछ।

**चिन्तनमननः**

अ. तपाईंको समाजका मानिसहरूको शारीरिक, मानसिक र आत्मिक जीवनलाई स्वस्थ बनाउन तपाईंको चर्चले खेलिरहेको भूमिकालाई सोच्नुहोस्। तपाईंको चर्चले त्यस क्षेत्रमा के काम गरिरहेको छ? त्यसलाई सुधार्न अझ के के गर्नुपर्छ? सोच्नुहोस्।

आ. शारीरिक पुनर्स्थापना वा स्वास्थ लाभ भन्नुको अर्थ हामीले कसरी बुझ्ने? हामीले जतिसुकै मानिसहरूलाई स्वस्थ बनाउन प्रयास गरेतापनि ढिलो वा चाँडो तिनीहरू बिरामी हुन्छन् र बृद्ध हुन्छन्। मानिस पूर्ण रूपमा स्वस्थ वा पुनर्स्थापना केवल येशूको आगमनमा मात्रै हुन्छ भनेर त्यसले कसरी अझ प्रमाणित गर्दछ?

इ. बर्तमान समयमा नै मानिसहरू परमेश्वरको स्वरुपमा पुनर्स्थापना हुने कामको थालनी हुन्छ भन्ने तर्कलाई सोच्नुहोस्। त्यो कसरी हुनसक्छ? त्यसमा हामीले प्रगति गरिरहेकाछौं भनेर कसरी जान्ने? त्यो हुन हामीहरूमा परमेश्वरको स्पष्ट चित्र वा स्वभावको ज्ञान किन हुनुपर्छ? यस संसारको अनेकौं समस्याहरूले गर्दा त्यस क्षेत्रमा त्यत्तिको उल्लेखनीय प्रगति गर्न नसकेतापनि हामीहरू निराश हुनुहुँदैन भनेर कसरी सिक्ने?